# स्वामीकार्तिक खापर गाउँपालिका
## Swamikartik Khapar Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
## Office of the Rural Municipal Executive
सुइजीउला वाई, बाजुरा
Suijiula Wai, Bajura
सुदूरपश्चिम प्रदेश, नेपाल
Sudurpaschim Province, Nepal


प.सं. ०८२/०८३ | मिति २०८२/०६/०२
च.नं. | ने.सं.११४५ ञंलागा १२, बिहीवार

### कर्मचारी आवश्यकता सम्बन्धी सूचना।

नेपाल सरकार र स्वीस सकारबीच द्विपक्षिय सम्झौता अनुसार सञ्चालित सुरक्षित आप्रवासन (sami) कार्यक्रम अन्तर्गत यस गाउँपालिकामा सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी सूचना प्रवाह गर्न तथा वैदेशिक रोजगारीसँग सम्बन्धित मुद्दामा सहजिकरण, मनोसामाजिक परामर्श सेवा, सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी सचेतीकरण कार्यक्रम सन्चालन गर्नका लागि देहाय बमोजिमको जनशक्ति आवश्यक भएकाले योग्य नेपाली नागरिकहरुबाट तल उल्लेखित पदका लागि दरखास्त आह्वान गरिएको छ।

विज्ञापन नं. :०८२/८३

| क्र स | पद | पद संख्या | आवश्यक योग्यता |
|---|---|---|---|
| १ | मनोसामाजिक परामर्शकर्ता (पाँचौ तह) | १ | • मान्यता प्राप्त संस्थाबाट हेल्थ असिस्टेन्ट वा स्टाप नर्स वा मान्यता प्राप्त विश्वविद्यालयबाट पब्लिक हेल्थ /नर्सिङ्ग/मनोविज्ञान/समाजशास्त्र/सोसियल वर्क/स्वास्थ्य शिक्षा विषयमा स्नातक तह उतिर्ण गरेको / स्नातक तहमा कम्तिमा १०० पूर्णाङ्कको मनोविज्ञान विषय लगेको वा पोस्ट ग्राजुयट डिप्लोमा इन काउन्सेलिङ उत्तिर्ण गरेको।<br>• मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालिम प्रात गरी राष्टिय स्वास्थ्य तालिम केन्द्रबाट प्रमाण-पत्र भएको वा सोही क्षेत्रमा काम गर्दै आएको अनुभवीलाई विशेष प्राथमिकता दिइनेछ।<br>• दरखास्त दिने अन्तिम मितिमा २१ बर्ष पुरा भई ४० बर्ष ननाघेको हुनु पर्नेछ।<br>• प्रचलित कानून बमोजिम सरकारी सेवाको लागि आवेदन दिन योग्य भएको।<br>• कम्प्यूटर सम्बन्धी आधारभूत ज्ञान तथा अनुभव ,word,Excel,power point,Email/internet आदि भएको।<br>• नेपाली र अंग्रेजी दुवै भाषामा प्रतिवेदन तयार गर्न सक्ने। |

•कार्य अवधी : हाललाई वि.सं. २०८३ साल असार मसान्त सम्म,कार्यक्रमको आवश्यकता र कार्य सम्पादन/मूल्याङ्कनका आधारमा नविकरण हुन सक्नेछ।

• परिक्षाको किसिम : लिखित,अन्तरवार्ता र प्रयोगात्मक।
• तलव तथा अन्य सुविधा : कार्यक्रमको नियमानुसार।
• आवश्यक कागजात : माथि उल्लेखित योग्यता पुगेका इच्छुक नेपाली नागरिकले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि,अनुभव तथा तालिमको प्रमाणप्रत्रको प्रतिलिपि र पासपोर्ट साइजको फोटो१ प्रति सहित गाउँपालिकाको कार्यालयमा निवेदन पेश गर्नु पर्नेछ। तोकिएको समय भन्दा पछि आएका आवेदनहरुलाई छनौट प्रक्रियामा समावेश गरिने छैन।
• दरखास्त दस्तुर : रु ७०० (अक्षररुपी सात सय मात्र)
• दरखास्त फाराम पाउने र बुझाउने स्थान : गाउँ कार्यपालिकाको कार्यालय,सुइजिउला वाई, बाजुरा।
• दरखास्त दिने अन्तिम मिति : सूचना प्रकाशित भएको एक हप्ता भित्र दरखास्त बुझाउन सकिनेछ।
• प्राप्त आवेदन उपर छानविन गरी अन्तिम उम्मेद्वारहरुको सूची प्रकाशन पछि प्रकाशित गरिनेछ।।

देव राज चौधरी
प्रमुख प्रशासकीय अधिकृत
२०८२/०६/०२

देव राज चौधरी
प्रमुख प्रशाकिय अधिकृत